त्रिवेणी गाउँपालिका

# गाँउ कार्यपालिकाको कार्यालय

लुहाम,सल्यान

प्रदेश नं.६,नेपाल

## सिलबन्दी बोलपत्र आह्वानको सूचना

## सूचना नं. ०७०७५।०७६ प्रथम प्रटक प्रकासित मिति :२०७५।१०।२३

त्रिवेणी गाउँ कार्यपालिकाको कार्यालयबाट तपशिलमा उल्लेखित कार्यहरु सिलबन्दी बोलपत्रबाट खरिद गर्नुपर्ने भएकोले योग्यता पुगेका इजाजत प्राप्त निर्माणव्यवसायीबाट निम्न शर्तको अधिनमा रही रितपूर्वकको सिलबन्दी बोलपत्र आह्वान गरिन्छ।

१. यो सूचना प्रथम पटक प्रकासित भएको मितिले ३० औं दिन भित्र यस त्रिवेणी गाउँकार्यपालिका कार्यालय ,लुहाम सल्यानबाट प्रत्येक सिलबन्दी बोलपत्र फारमका लागि तपशिलमा उल्लेखित सिलबन्दी बोलपत्र दस्तुर बुझाई (पछि फिर्ता नहुने गरी) सिलबन्दी बोलपत्र खरिद गर्ने निवेदनका साथ चालु आ.व.को नविकरण गरिएको व्यवसायी दर्ता इजाजत पत्र, स्थायी लेखा नम्बर प्रमाणपत्र, मूल्य अभिबृद्धि करको दर्ता प्रमाणपत्र तथा आ.व.२०७४।७५ सम्मको कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि पेश गरी बैक दाखिला वा यस कार्यालयबाट नगदी रसिद कटाई सिलबन्दी बोलपत्र **स्वयं उपस्थित भई वा आधिकारिक व्यक्तिबाट** खरिद गर्न सकिनेछ।

२. खरिद गरिएका सिलबन्दी बोलपत्र फारमको BOQ का पानाहरुको महलमा भर्नुपर्ने विवरण स्पष्ट रुपमा भरी सिलबन्दी बोलपत्र फारमको प्रत्येक पानामा सहीछाप गरी यो सूचना प्रथम पटक प्रकासित भएको मितिले ३१ औं दिनको १२:०० बजे भित्र यस कार्यालयको नाममा सम्बोधन गरी ठेक्का कामको विवरण, सिलबन्दी बोलपत्र दाताको नाम, ठेगाना र फोन नं. समेत खुलाई फर्मको छाप लगाई शिलबन्दी लाहाछाप गरीएको खाम त्रिवेणी गाउँकार्यपालिकाको कार्यालयमा **स्वयं उपस्थित भई वा आधिकारिक व्यक्तिबाट** दर्ता गराउनुपर्नेछ।

३. दर्ता भएका सिलबन्दी बोलपत्रहरु सोही दिन (३१औं दिन) को २:०० बजे सिलबन्दी बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा त्रिवेणी गाउँकार्यपालिकाको कार्यालयमा खोलिनेछ तर सिलबन्दी बोलपत्रदाता वा निजको प्रतिनिधिहरु उपस्थित नभए पनि सिलबन्दी बोलपत्र खोल्न बाधा पर्नेछैन।

४. सिलबन्दी बोलपत्र खरिद तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।

५. सिलबन्दी बोलपत्र फारमसाथ जमानत वापतको तपशिलमा उल्लेखित रमक राष्ट्रिय वाणिज्यबैक,लुहाम सल्यान शाखामा रहेको यस कार्यालयको धरौटी खाता नं.४३८०३०३००७१०२ मा नगद जम्मा गरेको सक्कलै भौचर वा मान्यताप्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी भएको, बोलपत्र पेश गर्ने अन्तिम मितिबाट १२० दिन म्याद भएको जमानीपत्र बोलपत्रसाथ पेश गर्नुपर्नेछ। यसरी पेश गरिने जमानत वापतको भौचर वा जमानीपत्र यो सूचना प्रकासित भएपछिकोलाई मान्यता दिइनेछ।

६. सिलबन्दी बोलपत्रदाताले सिलबन्दी द बोलपत्रमा दररेट भर्दा मूल्य अभिबृद्धि वाहेको दररेट उल्लेख गर्नुपर्नेछ। सिलबन्दी बोलपत्रमा आइटम वाइज दर अंक र अक्षर दुवैमा स्पष्ट लेख्नुपर्नेछ। अंक र अक्षर विच फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ। केरमेट भएको ठाँउमा सिलबन्दी बोलपत्र दाताको सहिछाप भएको हुनुपर्नेछ।

७. सिलबन्दी बोलपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धीत पेशा वा व्यवसाय सम्बन्धी कसुरमा कुनै सजाय नपाएको भनि लिखित रुपमा घोषणा गरेको कागजात सिलबन्दी सिलबन्दी बोलपत्रसाथ पेश गर्नुपर्नेछ।

८. सिलबन्दी बोलपत्र सम्बन्धी अन्य कुरा बुझ्नु परेमा यस कार्यालय वा मोवाइल नं.९८५७८४४६००,९८५७८२२१५६, मा सम्पर्क गर्न सकिनेछ।

९. म्याद नाघि आएको, रीत नपुगेको र शर्त राखिएको सिलबन्दी बोलपत्रमाथि कुनै कारवाही हुनेछैन।

१०. एक फर्मको नाममा खरिद गरिएको सिलबन्दी बोलपत्र अर्को फर्मको नामबाट दाखिला गर्न पाइने छैन।

११. कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण रुपमा वा आंसिक रुपम सिलबन्दी बोलपत्र स्वीकृत गर्ने वा रद्ध गर्ने अधिकार त्रिवेणी गाउँ कार्यपालिकाको कार्यालयमा सुरक्षित रहनेछ।

१२. सूचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन,२०६३,सार्वजनिक खरिद नियमावली,२०६४, बोलपत्र कागजात तथा अन्य प्रचलित कानूण अनुसार हुनेछ।

### तपशिल

| सि. न. | ठेक्का नं. | कामका विवरण | इस्टिमेट रकम भ्याट र कन्टेनजेन्सि बाहेक | धरौटी रकम | बोलपत्र खरिद दस्तुर |
|---|---|---|---|---|---|
| १ | TRM - SLN - 10/075/76 | Supply of Standard Size Heavy Zinc Coated Machine Made Gabion Box. | ४२३७२३८।२५ | १२००००।०० | ३०००।०० |
| २ | TRM - SLN - 11/075/76 | Supply of HDPE Pipe | ४२३७०२२।६३ | १२००००।०० | ३०००।०० |

प्रमुख प्रशासकीय अधिकृत